१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पर्वतारोहण सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ मा संशोधनः पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

सूचना ७७

## बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली (दोस्रो संशोधन) नियमावली, २०७०

बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को अनुसूचीमा संशोधन : बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को अनुसूची - ७ मा रहेको "नरेश" भन्ने शब्द झिकिएकोछ ।

सूचना ७८

## राष्ट्र ऋण (चौथो संशोधन) नियमावली, २०७०

राष्ट्र ऋण नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरु बनाएकोछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।